अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकूद शाखा

कोशी प्रदेश,

प्याउली, भोजपुर

प.सं. २०८१/८२ ने.स. ११४४

च.नं. मितिः- २०८१/०४/२१

---

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जो जसँग सम्बन्धित छ ।**

भोजपुर जिल्ला अरुण गाउँपालिका अन्तर्गत श्री महेन्द्रोदय माद्यमिक विद्यालय अरुण-६, जरायोटार, भोजपुरमा रिक्त रहेको निम्न माध्यमिक तह तृतीय श्रेणी गणित विषयको शिक्षक पदमा (कोटा संख्या- १) सरुवाको प्रकृया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ११ मिति २०८१/०४/१७ को पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

*पुनश्चः*

१तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **mahendrodayamav@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघि वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन ।

८१/४/२१

(मणिराम खतिवडा)

प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ भोजपुर ।

श्री महेन्द्रोदय माद्यमिक विद्यालय अरुण-६, जरायोटार, भोजपुर।